IT

पाँचथर जिल्ला अदालतबाट प्रकाशित

पाँचथर जिल्ला अदालत पाँचथर

## १५ दिने सूचना

**(बिगो नं. ३२, तहसिल शाखा)**

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला पाँचथर फाल्गुनन्द गा.पा. वडा नं. ५ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १६ बसन्तनगर बस्ने पूर्णकुमार चेम्जोङ प्रतिवादी जिल्ला पाँचथर फाल्गुनन्द गा.पा. वडा नं. ४ बस्ने आइन्द्रसुन्दर नेम्बाङ भएको मु.नं. ०७१-CP-३३१८ को लेनदेन मुद्दामा काठमाण्डौं जिल्ला अदालतको मिति २०७२/०९/०१ को फैसला बमोजिम नगद साँवा रकम रु.८७,०००/- र सो को लिखत भएको मिति २०६५/०८/१३ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने व्याज रु.८७,०००।- समेतको जम्मा बिगो रकम रु.१,७४,०००।- तथा वादीले दाखिला गरेको अदालती शुल्क रु.४१२०।२० र वादीले पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.८५९।८० समेत भराई पाऊँ भनी वादीको मिति २०७३/०५/२७ मा दरखास्त परी कारवाहीक्रममा प्रतिवादीको नाममा ३५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७३/०६/२९ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा वादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/१०/२४ मा कायम भईसकेकोले बिगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७९/०२/१६ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फाल्गुनन्द गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७९/०२/१६ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकृते मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | आइन्द्रसुन्दर नेम्बाङ | पाँचथर | सेवा | ९ख | ५०९ | १-१०-३-० | रु.७०,०००।- |

ईति सम्वत २०७९ साल वैशाख महिना ०५ गते रोज २ शुभम्---------------------------------------------